पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा भू-संरक्षण मन्त्रालय

योजना महाशाखा

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या:- योजना/२०७२/०७३ नं.
चलानी नं.:- ६३२
प्राप्त पत्र संख्या र मिति:

मिति २०७२/११/२३

विषय:- मं.प. को निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वन विभाग, बबरमहल, काठमाण्डौं ।
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल ।
श्री टिम्बर कर्पोरेशन अफ नेपाल लि., बबररमहल ।

प्रस्तुत विषयमा "भूकम्प पिडितहरुको लागि काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका, २०७२" नेपाल सरकार (मंन्त्रीपरिषद्) बाट मिति २०७२।१०।२१ मा स्वीकृत भएकोले स्वीकृत निर्देशिका एकप्रति यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

(पशुपति नाथ कोइराला)
योजना अधिकृत

बोधार्थ:

श्री वैदेशिक सहयोग समन्वय महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार - जानकारीको लागि अनुरोध छ ।
श्री जैविक विविधता तथा वातावरण महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार - जानकारीको लागि अनुरोध छ ।
श्री अनुगमन तथा मूल्यांकन महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार - जानकारीको लागि अनुरोध छ ।
श्री प्रशासन महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार - जानकारीको लागि अनुरोध छ ।
श्री वन उद्यम तथा व्यवस्थापन महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार - जानकारीको लागि अनुरोध छ ।
श्री क्षेत्रीय वन निर्देशनालय,
विराटनगर, हेटौंडा, पोखरा, सुर्खेत र धनगढी - जानकारीको लागि अनुरोध छ ।

# भूकम्प पीडितहरुको लागि काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका, २०७२

नेपाल सरकार

**वन तथा भू-संरक्षण मन्त्रालय**

सिंहदरबार, काठमाडौं

## प्रस्तावना

सम्वत् २०७२ बैशाख १२ गतेको गएको विनाशकारी भूकम्प र तत्पश्चात्का परकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि तत्काल ठूलो परिमाणमा काठको आवश्यकता परेको हुनाले सो आवश्यकतालाई परिपूर्ति गर्नका लागि सम्भव भएसम्म सम्बन्धित जिल्लाभित्रकै वन स्रोतबाट काठ उत्पादन गरी भूकम्प पीडित परिवारको घर, गोठ र क्षतिग्रस्त सार्वजनिक संरचना निर्माणका लागि आवश्यक पर्ने काठ आपूर्ति गर्ने गराउने कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, नेपाल सरकारले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यो निर्देशिकाको नाम "भूकम्प पीडितहरुको लागि काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका, २०७२" रहेको छ ।

(२) यो निर्देशिका भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धि ऐन २०७२ बमोजिमको पुनर्निर्माण अवधि सम्मका लागि लागु हुनेछ ।

(३) यो निर्देशिका भूकम्प पीडितलाई काठ उपलब्ध गराउने कार्यमामात्र लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) **"कार्यालय"** भन्नाले सम्बन्धित जिल्लाको जिल्ला वन कार्यालय सम्झनु पर्छ ।

(ख) **"भूकम्प प्रभावित क्षेत्र"** भन्नाले भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २ को खण्ड (झ) बमोजिम नेपाल सरकारले तोकेको कुनै क्षेत्र सम्झनु पर्छ ।

(ग) **"भूकम्प पीडित"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट भूकम्प पीडितको परिचयपत्र प्राप्त गरेको घर परिवारलाई सम्झनुपर्छ र सो शब्दले भूकम्पबाट प्रभावित भनी नेपाल सरकारको संम्बन्धित निकायबाट आधिकारिक रुपमा प्रमाणित भएका सरकारी कार्यालय,सामुदायिक अस्पताल, समुदायिकबिद्यालय, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक संरचना (गुम्बा, मठमन्दिर) लगायतका सार्वजनिक भौतिक संरचना समेतलाई जनाउँछ ।

(घ) **"पुनर्निर्माण "** भन्नाले भूकम्पबाट भएको क्षतिको दिगो, दरिलो र योजनावद्धरुपमा गरिने आर्थिक, सामाजिक वा भौतिक विकास, नवनिर्माण तथा पुर्नस्थापना सम्वन्धी कार्यलाई सम्झनुपर्छ ।

(ङ) **"समिति"** भन्नाले दफा १२ अनुसार गठित समितिलाई सम्झनुपर्छ ।

(च) **"उपभोक्ता समुह"** भन्नाले सामुदायिक वन उपभोक्ता समूह, समुदायमा आधारित अन्य वन उपभोक्ता समूह र साझेदारी वन उपभोक्ता समूहलाई सम्झनुपर्छ ।

(छ) **"नजीकको कार्यालय"** भन्नाले भूकम्प पीडितलाई पायक पर्ने नजिकको ईलाका वन कार्यालय, सेक्टर वन कार्यालय सम्झनुपर्छ ।

(ज) **"मन्त्रालय"**भन्नाले वन तथा भू-संरक्षण मन्त्रालयलाई सम्झनुपर्छ ।

(झ)**"टि.सि.एन."**भन्नाले द टिम्बर कर्पोरेसन अफ नेपाललाई सम्झनुपर्छ ।

## परिच्छेद २
## काठ उत्पादन तथा बिक्री वितरण व्यवस्था

३. **काठ उत्पादनको विशेष व्यवस्था** : (१) मन्त्रालयले समितिको सिफारिसमा कार्यालय मार्फत भूकम्प प्रभावित संरचनाको पुनर्निर्माण प्रयोजनका लागि आवश्यक पर्ने काठको उत्पादन गरी बिक्री वितरण गर्न आवश्यक व्यवस्था मिलाउन सक्नेछन् ।

(२) उपदफा (१) को प्रयोजनको लागिस्वीकृत कार्य योजनामा उल्लिखित वार्षिक स्वीकार्य कटानको शत प्रतिशत परिमाण संकलन गर्न सकिनेछ ।

(३) चुरे क्षेत्रका वनहरुबाट काठ दाउरा संकलन गर्ने सम्बन्धमा भूकम्प प्रभावित क्षेत्रका घरधुरीलाई पहिलोप्राथमिकता दिई काठ उत्पादन गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (३) को प्रयोजनको लागि काठ कटान गर्दा वार्षिक स्वीकार्य कटान परिमाणलाई आधारमानी सामुदायिक वन उपभोक्तासमूहले आफ्नो सामुदायिक वनभित्र रहेको जुनसुकै खण्डबाट ढलेका, सुकेका, बृद्धि रोकिएका, बाङ्गाटिङ्गारुखलाई प्राथमिकता दिई काठ दाउरा सङ्कलन गर्न सक्नेछन् ।

(५) उपदफा (४) को प्रयोजनको लागि म्याद समाप्त भएका कार्ययोजनाको हकमा २०७४ आषाढ मसान्त सम्मका लागि पछिल्लो स्वीकृत कार्ययोजनामा उल्लेख भएको बृद्धि मौज्दातलाई आधार मानी वार्षिक बृद्धिदर अनुसार वार्षिक स्वीकार्य कटान परिमाण निर्धारण गर्न सक्नेछ ।

(६) उपदफा (१) को प्रयोजनका लागि उमेर पुगेको वृक्षारोपण वन भएमा उपभोक्ता समूहले वन अनुसन्धान तथा सर्वेक्षण विभागले तयार गरेको पाटेसल्ला तथा खोटेसल्ला वृक्षारोपण वन पत्ल्याउने सम्बन्धि मार्गदर्शन २०६४ को सिफारिस अनुसार पत्ल्याउन सक्नेछन् ।

४. **काठ बिक्री वितरण** : (१) उपभोक्ता समूहले स्वीकृत वार्षिक कार्ययोजना बमोजिम आफ्नो सामुदायिक वनबाट उत्पादन हुनसक्ने काठ संकलन गरी समूह भित्रका भूकम्प पिडित उपभोक्ता, घरधुरी, आफ्नो गाउँ विकास समिति /नगरपालिका / उपमहानगरपालिका/ महानगरपालिकाभित्रका छिमेकी समूहका भूकम्प पिडित उपभोक्ता वा सामुदायिक वनको सदस्य नरहेका घरधुरी एवं जिल्ला भित्रका छिमेकी गाउँ विकास समिति/नगरपालिका /

उपनगरपालिकाका/महानगरपालिकाका भूकम्प पीडित परिवारलाई पहिलो प्राथमिकतामा राखी काठ उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम काठ उपलब्ध गराउँदा आवश्यक पर्ने परिमाण यकिन गरी काठ कटान, मुछान, ढुवानी र घाटगद्दि खर्च एवं काठको प्रजाति र ग्रेडअनुसार उपभोक्ता समूहले उचित मूल्य निर्धारण गरी काठ उपलब्ध गराउनु पर्नेछ ।

तर कुनै उपभोक्ता समूहले पहिचान गरेको विपन्न परिवारको घरधुरीलाई निशुल्क रुपमा काठ उपलब्ध गराउन बाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम काठ उपलब्ध गराउनेसमूहले आफूले उपलब्ध गराइएको काठ प्राप्त गर्ने व्यक्ति वा संस्थाको नाम, काठको परिमाण र मूल्य समेत खुलाई निस्सा समेत दिनु पर्नेछ र सोको जानकारी यथाशीघ्र सम्बन्धित कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) अनुसार भूकम्प पीडितलाई बिक्री वितरण गरिएको काठ ओसारपसार गर्दा समूहको टाचाँ लगाउनु पर्ने र समूहले छोडपूर्जी दिनु पर्नेछ । काठ ओसारपसार गर्दा नजिकको वन कार्यालयबाट खटिएको कर्मचारीले लगत प्रमाणित वा छोडपूर्जीको पीठमा प्रमाणित गरिदिनु पर्नेछ ।

५. **काठको माग तथा वितरण प्रक्रिया** : (१) भूकम्प प्रभावित क्षेत्रमा भूकम्पपीडित घरधुरीहरूले उपलब्ध भएसम्म आफ्नै उपभोक्ता समूहबाट काठ माग गरी लिनु पर्नेछ ।

(२) उपदफा(१) अनुसार आफ्नै समूहबाट काठ उपलब्ध हुन नसक्ने अवस्था भएमा नजिकको (छिमेकी) जुनसुकै उपभोक्ता समूहबाट माग गरी लिन सक्नेछन् । यसरी माग गर्दा आफू उपभोक्ता रहेको समूहको कार्यालयको सिफारिश साथ माग गर्नु पर्नेछ ।

(३) कुनै भूकम्प पीडितव्यक्ति कुनै उपभोक्ता समूहको सदस्य रहेनछ भने त्यस्तो व्यक्तिलेआफू बसोबास गरेको गाउँ विकास समिति/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको सिफारिस सहित नजिकको (छिमेकी) समूहबाट काठ माग गर्न सक्नेछ ।

(४) भूकम्प पीडितले काठ माग गर्दा भूकम्प पीडित परिचयपत्र र सम्बन्धित गाउँ विकास समिति/ नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको घर पुनर्निर्माण गर्ने सिफारिससमेत पेश गर्नु पर्नेछ ।

(५) काठको माग आंकलन, सङ्कलन, बिक्री वितरण तथा काठ चलानी पूर्जी जारी गर्ने लगायतको कार्यमा सहयोग एवं सहजीकरण गर्न सम्बन्धित जिल्ला वन कार्यालय वा सो अन्तरगतको नजीकको कार्यालयले सहायक वन अधिकृत वा रेन्जर दर्जाका कर्मचारी खटाई उपभोक्ता समूहलाई यथाशीघ्र आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ३

## अन्य जिल्लाबाट काठ आपूर्ति

६. <u>अन्य जिल्लाबाट काठ उपलब्ध गराउने</u> : भूकम्प प्रभावित जिल्ला बाहेकका जिल्लाहरुले आफ्नो जिल्लामा रहेका सरकारी वा साझेदारी वनव्यवस्थापन योजना कार्यान्वयन गर्दा उत्पादन हुने काठको कम्तीमा २५ प्रतिशत काठभूकम्प प्रभावित जिल्लाहरुमा उपलब्ध गराउनु पर्नेछ ।

(२) साझेदारी वनबाट नेपाल सरकारलाई प्राप्त हुने काठमध्ये कम्तीमा ५० प्रतिशतसम्म काठ भूकम्प पीडितका लागि उपलब्ध गराउन सकिने छ ।

तर कुनै जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समिति मार्फत बिक्री वितरणका लागि काठ उत्पादन नभएमा वा भए पनि पर्याप्तनभएमा साझेदारी वनबाट नेपाल सरकारलाई प्राप्त हुने काठको कम्तीमा ७५ प्रतिशतसम्म काठ स्थानीय आपूर्तिका लागि छुट्याउन सकिनेछ ।

(३) सामुदायिक वनबाट सामुदायिक वनको काठ /दाउरा सङ्कलन तथा बिक्री-वितरण निर्देशिका, २०७१ को दफा २८ (१) अनुसार जिल्ला वन पैदावार आपूर्ति समितिलाई प्राप्त भई जिल्लाभित्र जिल्ला वन पैदावार आपूर्ति समितिबाट वितरण गरी बाँकी रहेको सबै काठ भूकम्प पीडितलाई उपलब्ध गराइने छ । त्यसरी उपलब्ध हुने काठ भूकम्प पीडितकालागि सम्बन्धित जिल्ला वन पैदावार आपूर्ति समितिले परिच्छेद ४ को ९(२) बमोजिम बिक्री वितरण गर्नेछ ।

(४) नेपाल सरकारबाट स्वीकृत प्राप्त विकास आयोजना कार्यान्वयन गर्दा कटान भई आएका काठ दाउरामध्ये भूकम्प पीडितलाई आवश्यक पर्ने प्रजातीको ५० प्रतिशत काठ सम्बन्धित कार्यालय मार्फत भूकम्प पीडितका लागि छुट्टाउनु पर्नेछ ।

(५) टि. सि.एन.मार्फत संकलन हुने कुल काठमध्ये परिमाण तोकिएको हकमा सोही बमोजिम र नतोकिएको हकमा ५० प्रतिशतसम्म काठ भूकम्प पीडितका लागि छुट्याउनु पर्नेछ । त्यसरी छुट्याइ बाँकी रहेको ५० प्रतिशत काठमध्ये ५० प्रतिशत जिल्ला वन कार्यालयले र ५० प्रतिशत टि.सि.एन.ले बिक्री वितरण गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

७. <u>भूकम्प प्रभावित जिल्लामा डिपो संचालन गर्ने :</u> (१) दफा (६) बमोजिम अन्य जिल्लाबाट उपलब्ध हुन आएका काठलाई चिरान गरी भूकम्प प्रभावितजिल्लासम्म ढुवानी गरी काठ बिक्रीको काम डिपो मार्फत गरिनेछ । यसका लागि आवश्यकता अनुसार समितिको सिफारिसमा जिल्ला सदरमुकाम वा जिल्ला भित्रको अन्य स्थानमा काठ बिक्रीको डिपो राख्न सकिनेछ ।

(२) कुनै उपभोक्ता समूहले लिलाम बिकीका लागि छुट्याएको काठ लिलाम बिकी नगरी भूकम्प पीडितका लागि उपलब्ध गराउन चाहेमा जिल्ला वन पैदावार आपूर्ति समितिले तोकेको दरमा कटान, मुछान तथा अन्य लागत खर्च जोडी उक्त काठको उचित मूल्य निर्धारण गरी जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराउन सक्नेछ ।

(३) भूकम्प पीडित परिवारलाई डिपो मार्फत काठ उपलब्ध गराउँदा प्रति परिवार गोलीया काठको हकमा बढीमा ७५ घन फिटसम्म वा चिरान काठको हकमा बढीमा ५० घन फिटसम्म उपलब्ध गराउन सकिनेछ । चिरान काठ उपलब्ध गराउँदा चिरान गर्दा गोलियाबाट निस्कने उप-उत्पादन बिक्रीबाट प्राप्त हुने मूल्यलाई टि.सि.एन. र जिल्ला वन पैदावार आपूर्ति समितिले भूकम्प पीडितलाई उपलब्ध गराउने काठको चिरान खर्चमा घटाउनु पर्नेछ ।

८. <u>पुरातात्विक सम्पदा पुनर्निर्माणका लागि काठ उपलब्ध गराउने</u>: (१) कुनै धार्मिक, सांस्कृतिक वा पुरातात्विक सम्पदा पुनर्निर्माणका लागि आवश्यक पर्ने काठ टि.सि.एन. मार्फत उपलब्ध गराइनेछ ।

(२) कुनै धार्मिक सांस्कृतिक वा पुरातात्विक सम्पदा पुनर्निर्माणको लागि आवश्यक पर्ने काठको प्रजाति र आकारको विवरण सम्बन्धित निकायले टि.सि.एन लाई अग्रीम जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै धार्मिक, सांस्कृतिक वा पुरातात्विक सम्पदा पुनर्निर्माणका लागि आवश्यक पर्ने आकार र गुणस्तरको काठ कुनै उपभोक्ता समूहसँग मात्र उपलब्ध रहेछ भने त्यस्ता समूहले टि.सि.एनसँग समन्वय गरी त्यस्तो काठ निर्धारित मूल्यमा सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-४

## अन्य स्रोतबाट संकलन हुने काठ दाउरा बिक्री व्यवस्था

९. <u>जिल्ला वन पैदावार आपूर्ति समिति मार्फत बिक्री वितरण</u> : (१) जिल्ला वन पैदावार आपूर्ति समिति गठन भएका भूकम्प प्रभावित जिल्लामा आफ्नो जिल्लाका सामुदायिक वन बाहेक अन्य स्रोतबाट संकलन तथा उपलब्ध हुने सबै काठ चिरान गरी समितिको काठ बिक्री डिपो मार्फत बिक्री वितरण गर्नुपर्नेछ । यसरी बिक्री वितरण गर्दा काठ बाँकी रहन गएमा बाँकी रहेको काठ छिमेकी वा नजीकको भूकम्प प्रभावित जिल्लाबाट माग भएमा सो जिल्लामा बिक्री वितरणको लागि पठाउनु पर्नेछ ।

(२) व्यवस्थापकीय क्षमता सहितको जिल्ला वन पैदावार आपूर्ति समिति गठन नभएका भूकम्प प्रभावित जिल्लामा सामुदायिक वन बाहेक अन्य स्रोतबाट उपलब्ध हुने काठ टि.सि.एन.ले सःमीलमा चिरान गरी चिरान काठ भूकम्प पीडितलाई आफ्नो बिक्री डिपो मार्फत बिक्री वितरण गर्नु पर्नेछ ।

१०. <u>निजी जग्गामा रहेका रुखहरु एवं क्षतिग्रस्त संरचनामा रहेको काठको प्रयोग</u>: (१) भूकम्प पीडितको निजी जग्गामा रहेका वन ऐन २०४९ को दफा ७० (क) बमोजिम नेपाल राजपत्रमा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचनाबाट व्यापारिक प्रयोजनका लागि प्रतिबन्ध लागेका प्रजातीका रुखआफ्नो घर-गोठ निर्माण गर्न प्रयोग गर्न चाहने भूकम्प पीडितले त्यस्तो रुख काट्ने स्वीकृतिका लागि कार्यालयमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रुख काट्ने स्वीकृतिका लागि निवेदन पर्न आएमा जिल्ला वन अधिकृतले आवश्यक जाँचबुझ गरी रुख कटान गर्न, घर बनाउने स्थानसम्म

ओसार पसार गर्न तथा स्थानीय स:मिल वा फर्निचर उद्योगमा चिरान गर्न अनुमति दिन सक्नेछ । यस कार्यमा जिल्ला वन अधिकृतले मातहतका कर्मचारीलाई समेत जिम्मेवार बनाई प्रभावकारी अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति पाएको काठ व्यापारिक प्रयोजनका लागि बिक्री वितरण गर्न वा जिल्ला बाहिर लैजान पाईने छैन । कसैले बिक्री वितरण वा जिल्ला बाहिर लगेको वा लैजाने कोशिस गरेको पाईएमा त्यस्तो काठ जफत गरी त्यस्तो कार्यमा संलग्न व्यक्ति वा कर्मचारीलाई प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

(४) भूकम्प पीडितले पुरानो घरका काठलाई चिरान गरी पुन: संरचनामा प्रयोग गर्न चाहेमा नजिकको वन कार्यालयले आवश्यक जाँचबुझ गरी स्थानीय स:मिल वा फर्निचर उद्योगमा चिरान गर्न लैजानका लागि अनुमति दिनसक्ने गरी जिल्ला वन कार्यालयले मातहतको कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद ५
## व्यवस्थापन समिति

११. <u>समिति गठन</u> : (१) भूकम्प प्रभावित जिल्लाहरुमा काठ सहज रुपमा उपलब्ध गराई बिक्री वितरण प्रकृयालाई सहजीकरण तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक काठ व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी( जिल्ला दैवी प्रकोप उद्धार समितिको अध्यक्ष) | -संयोजक |
| २. | स्थानीय विकास अधिकारी | -सदस्य |
| ३. | जिल्ला वन अधिकृत | -सदस्य |
| ४. | जिल्ला प्रहरी कार्यालयको प्रमुख | -सदस्य |
| ५. | सामुदायिक वन उपभोक्ता महासंघ नेपालको सम्बन्धित जिल्ला महासंघको प्रतिनिधि | -सदस्य |
| ६. | अधिकृत प्रतिनिधि, टि.सि.एन. | -सदस्य |
| ७. | जिल्ला वन अधिकृतले तोकेको सहायक वन अधिकृत | -सदस्य-सचिव |

(२) उपदफा (१) वमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्बन्धित जिल्लामा भूकम्प पीडित परिवारलाई आवश्यक पर्ने काठको लगत तयार गरी वन विभागसँग काठ उपलब्ध गराउन अनुरोध गर्ने ,

(ख) जिल्लामा प्राप्त हुनसक्ने काठको परिमाण एकीन गरी टि.सि.एन.वा जिल्ला वन पैदावार आपूर्ति समितिसँग समन्वय गरी सो काठ प्राप्ती, चिरानी र ढुवानी आदि कार्यको व्यवस्था मिलाउने ,

(ग) जिल्लामा प्राप्त हुने काठको डिपो स्थापना गर्न स्थानको छनौट, डिपो स्थापना र डिपोको सञ्चालन तथा सुरक्षा लगायतको व्यवस्था मिलाउने,

(घ) काठ बिक्री वितरण कार्यको अनुगमन एवं सामुदायिक वनहरुबाट गरिने कार्यहरुको अनुगमन गर्दा अनिवार्य रुपमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधि समावेश गर्ने,

(ङ) यस निर्देशिका बमोजिम भूकम्प पीडितलाई काठ उपलब्ध गराउने सम्बन्धमा विभिन्न वन उपभोक्ता समूह, टि.सि..एन, लगायतका अन्य सरोकारवालासँग समन्वय गर्ने,

(च) यस निर्देशिका बमोजिम उपलब्ध गराइएका काठको सही रुपमा उपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(छ) मन्त्रालयले निर्देश गरेका अन्य कार्यहरु ।

## परिच्छेद ६
## विविध

१२. **काठको मूल्य निर्धारण** : (१) टि.सि.एन. संचालक समितिले काठको राजश्व रकम, कटान मुछान, ढुवानी, चिरानी, सेवा शुल्क आदि (मल्य अभिवृद्धि कर समेत) खर्चहरुलाई आधार मानी डिपो रहने स्थान अनुसार र प्रजाती अनुसार अलग अलग काठको मूल्य निर्धारण गर्नु पर्नेछ । त्यसरी काठको मूल्य निर्धारण गरिएको जानकारी तुरुन्त मन्त्रालयलाई दिनु पर्नेछ ।

१३.**अभिलेख राख्नु पर्ने**: (१) यस निर्देशिका बमोजिम पुनर्निर्माणका लागि भूकम्प पीडितलाई काठ उपलब्ध गराएको सम्बन्धमा कार्यालयले अनुसूची (१) देखि (३) सम्मका फारम बमोजिमका अभिलेख राखी सोको मासिक प्रतिवेदन नियमित रुपमा जिल्ला शहरी विकास डिभिजन कार्यालय, वन विभाग र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) पुर्ननिर्माणका लागि काठको माग र आपूर्तिको बारेमा नीतिगत निर्णय गर्न आवधिक रुपमा वन विभागले मन्त्रालयलाई पृष्ठपोषण गर्नेछ ।

१४. **थप जनशक्तिको व्यवस्था** : भूकम्प प्रभावित जिल्लामा सामुदायिक वनको श्रोत सर्वेक्षण, कार्ययोजना निर्माण, रुख छपान, मूल्यांकन र कटान तथा बिक्री वितरणलाई सहजीकरण गर्न जिल्ला वन कार्यालयको अनुरोधमा वन विभागले सहजीकरण गर्ने सेवाप्रदायक संस्थाहरुसँग सम्झौता गरी थप प्राविधिक जनशक्ति तथा औजार/उपकरणको व्यवस्था गर्न सक्नेछ ।

१५. **अनुगमन** : मन्त्रालय आँफैले वा वन विभाग वा क्षेत्रीय वन निर्देशनालय मार्फत कार्यालय, टि.सि.एन. वा उपभोक्ता समिति मार्फत भूकम्प पीडितलाई उपलब्ध गराइने काठको उत्पादन, आपूर्ति तथा बिक्री वितरण सम्बन्धमा भए गरेका काम कारवाहीको निरन्तर अनुगमन तथा मूल्याँकन गराउनेछ ।

१६. **व्याख्या गर्ने अधिकार**: यस निर्देशिकाको व्याख्या गर्ने अधिकार वन तथा भूसंरक्षण मन्त्रालयमा निहित रहनेछ ।

१७. **निलम्बन** : यस निर्देशिका बमोजिम भूकम्प पीडितलाई काठ उपलब्ध गराउने प्रयोजनको लागि सामुदायिक वनको काठ दाउरा व्यवस्थापन सम्बन्धमा देहायका व्यवस्थाहरु निलम्बन गरिएका छन् :

(१) सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा २८ को उपदफा (१)

(२) सामुदायिक वन स्रोत सर्वेक्षण मार्ग दर्शन(परिमार्जित), २०६१ को परिच्छेद ४ को प्रकरण ४.२ को खण्ड ४.२.१ मा रहेको काठको मौज्दात र संकलन गर्न सकिने परिमाणको अनुमान सम्बन्धी व्यवस्था ।

अनुसूची-१

## गोलिया काठ उत्पादन सम्बन्धी विवरण

| सि.नं. | जि.व.का. | प्राप्त प्लटको नाम | प्लट हस्तान्तरण मिति | संकलन कार्य संचालन मिति | मूल्यांकन भएको परिमाण | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | काठ | दाउरा | |
| | | | | | | | |

तयार गर्ने गर्ने

नाम :

पद :

दस्तखत :

मिति :

रुजु गर्ने

नाम :

पद :

दस्तखत :

मिति :

प्रमाणित

नाम :

पद :

दस्तखत :

मिति :

## अनुसूची-२

### अनुसूची-१ अनुसारको प्लटबाट उत्पादित काठ/दाउराको बाँडफाँड सम्बन्धी विवरण

| सि.नं. | जि.व.का. | प्राप्त प्लटको नाम | मूल्यांकन भएको परिमाण | | सङ्कलन भएको परिमाण | | संकलित काठ/दाउरको बाँडफाँड | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | वन | | टि.सि.एन. | | |
| | | | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | |
| | | | | | | | | | | | |

| तयार गर्ने गर्ने | रुजु गर्ने | प्रमाणित |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| मिति : | मिति : | मिति : |

## अनुसूची-३

### गोलिया हस्तान्तरण, चिरान उत्पादन र सिपमेन्ट सम्बन्धी विवरण

| सि. नं. | जि.व.का. | गोलिया हस्तान्तरण परिमाण | चिरान उत्पादन स्थान | चिरान उत्पादन परिमाण | चिरान लाने जिल्ला | चिरान सिपमेन्ट मिति | चिरान सिपमेन्ट परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

| तयार गर्ने<br>गर्ने | रुजु गर्ने | प्रमाणित |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| मिति : | मिति : | मिति : |

अनुसूची-४

## अनुसूची-३ अनुसार प्राप्त चिरान काठ बिक्री वितरण सम्बन्धी विवरण

| सि. नं. | चिरान प्राप्त गरेको जि.व.का. | चिरान प्राप्त मिति | चिरान प्राप्त परिमाण | वितरण गरेको परिमाण | वितरण गरेको परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**तयार गर्ने**
**गर्ने**

नाम :

पद :

दस्तखत :

मिति :

**रुजु गर्ने**

नाम :

पद :

दस्तखत :

मिति :

**प्रमाणित**

नाम :

पद :

दस्तखत :

मिति :